बागमती प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडा, नेपाल

प.सं.: २०७९।०८०

च.नं.: 04

मिति: २०८०।०४।०१

**श्री प्रदेश लेखा इकाई कार्यालय (कोष तथा लेखा नियन्त्रक कार्यालय), दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ्ग, चितवन, भक्तपुर, ललितपुर, त्रिपुरेश्वर (काठमाण्डौ) ।**

**विषय:– आर्थिक वर्ष २०८०/०८१ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्वन्धी व्यवस्था र मार्गदर्शन सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. ०२/०८०/८१, च.नं. ०२, मिति २०८०/०४/०१ को बागमती प्रदेश भित्रका सवै (११९) स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत ज्युहरुलाई सम्वोधन गरी लेखिएको आर्थिक वर्ष २०८०/०८१ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्वन्धी व्यवस्था र मार्गदर्शन यसैसाथ संलग्न छ। त्यस जिल्ला भित्रका स्थानीय तहहरुलाई सो अनुसार गर्न गराउनु हुन जानकारी गराई दिन हुन अनुरोध छ ।

(हरि प्रसाद उपाध्याय)

प्रदेश लेखा नियन्त्रक

**<u>बोधार्थ:</u>**

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश हेटौडा ।

श्री बागमती प्रदेश भित्रका स्थानीय तह हरु सवै (११९)

बागमती प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

पत्र.सङ्ख्या : ०२/०८०/८१

मिति : २०८०।०४।१

चलानी. नम्बर : ०२

विषयः आर्थिक वर्ष २०८०/८१ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तह सबै (११९),
बागमती प्रदेश।

नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश वित्तीय हस्तान्तरण सम्बन्धी ऐन, २०७५, प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७, प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ तथा प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७९ बमोजिम बागमती प्रदेश भित्रका स्थानीय तहहरुलाई आर्थिक वर्ष २०८०/८१ मा वित्तीय हस्तान्तरण अन्तर्गत उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान एवं राजश्व बाँडफाँटको रकम प्रदेश विनियोजन ऐन, २०८० बमोजिम स्वीकृत हुनुका साथै बजेट वक्तव्य मार्फत सार्वजनिक भइसकेको व्यहोरा अवगत नै छ। प्रदेश विनियोजन ऐन, २०८० मा व्यवस्था भए अनुरुप आयोजना/कार्यक्रम कार्यान्वयन, राजश्व दाखिला र अनुदान फिर्ता गर्नुपर्ने हुँदा उक्त ऐनको दफा ९ को उपदफा (४) बमोजिम यो मार्गदर्शन जारी गरिएको छ।

**अन्तर सरकारी वित्तीय हस्तान्तरण र कार्यान्वयन सम्बन्धमा**

१. वित्तीय समानीकरण अनुदानको एक चौथाईका दरले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र १५ गते, कार्तिक १५ गते, माघ १५ गते र वैशाख १५ गते गरी चार किस्तामा दाखिला गर्नेछ।

२. मुलुकमा विपद् वा कुनै असामान्य परिस्थित उत्पन्न भई प्रदेशको लक्ष्य अनुरुप राजश्व संकलन हुन नसकेमा बागमती प्रदेश सरकारले वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम संकलित राजश्वको अनुपात अनुसार पुनः निर्धारण गरी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नेछ।

३. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र बुझाउनु पर्नेछ ।

४. बुदा नं.२ बमोजिम बागमती प्रदेश सरकारबाट किस्ता निर्धारण भएको अवस्थामा प्रदेश सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनु पर्नेछ। यस्तो विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानीयतहको सञ्चित कोषमा दाखिला गरिने छैन।

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

पत्र.सङ्ख्या :
चलानी. नम्वर :

मिति : ............................

५. सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापतको रकमको एक चौथाईका दरले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा आर्थिक वर्षको भाद्र १५ गते, कार्तिक १५ गते, माघ १५ गते र बैशाख १५ गते गरी चार किस्तामा दाखिला गर्नेछ।

६. सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान, सहितको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्नेछ। त्यस्तो कार्ययोजनाको साथमा सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान २०८० श्रावण मसान्त भित्र प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ।

७. बुँदा नं. ६ बमोजिमको कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्त भित्र पेश गर्नु पर्नेछ।

८. बुदा नं. ७ बमोजिमको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापतको बाँकी किस्ता रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिने छैन।

९. वित्तीय हस्तान्तरण अन्तर्गत स्वीकृत आयोजना तथा कार्यक्रमहरु तहाँ स्थानीय तहहरुबाट पुन: खण्डीकरण नगरी स्वीकृत भएबमोजिम नै कार्यान्वयन गर्नुपर्नेछ।

१०. आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, स्रोत, लागत, कार्यसम्झौता भएको र कार्य शुरु भएको मिति, सम्झौता अंक, सम्झौता भएको उपभोक्ता समिति/ठेक्का लिनेको नाम ठेगाना आदि) विवरण काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ।

११. वित्तीय हस्तान्तरणको उपयोग नेपालको संविधान, दिगो विकास लक्ष्य, पन्ध्रौ योजना, बागमती प्रदेशको आवधिक योजनाले निर्दिष्ट गरेका क्षेत्र र मार्गदर्शन बमोजिम गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१२. सशर्त अनुदानबाट सञ्चालन हुने आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७९ मा भएका व्यवस्थाका साथै अन्य आवश्यक पर्ने खर्चका मापदण्ड लगायत कार्यान्वयनमा देखा परेका द्विविधा/समस्याका विषयमा प्रदेशको सम्बन्धित विषयगत मन्त्रालयसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्नेछ।

१३. सशर्त अनुदान अन्तर्गत सञ्चालित आयोजना/कार्यक्रमको भौतिक र वित्तीय प्रगति विवरण सम्बन्धित स्थानीय तहले सम्बन्धित विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा त्रैमासिक रुपमा पठाउनुपर्नेछ।

१४. प्रदेश सरकारको निर्णयबाट विपद्जन्य अवस्था, महामारी वा आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुर्नस्थापना गर्नुपर्ने अवस्था तथा अन्य कुनै विशेष परिस्थितिमा प्रदान गरिएको सशर्त अनुदान

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

पत्र.सङ्ख्या :
चलानी. नम्वर :

मिति : ............................

वापत निकाशा भएको रकम सम्बन्धित स्थानीय तहले आफनो वार्षिक बजेटमा समावेश गरी सम्बन्धित गाँउ सभा वा नगर सभाबाट अनुमोदन गराई लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्नेछ।

१५. समपूरक अनुदान तथा विशेष अनुदानका आयोजना/कार्यक्रमहरुका सम्बन्धमा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम कार्यान्वयन गर्नुपर्नेछ।

१६. समपूरक तथा विशेष अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रमहरु लक्षित उद्देश्य अनुरुप सञ्चालन नभएमा तथा उपभोक्ता समिति मार्फत खर्च गरेको पाइएमा प्रदेश सरकारले त्यस्तो अनुदान वापत उपलब्ध गराएको रकम आगामी आर्थिक वर्षमा प्रदान गरिने वित्तीय समानीकरण अनुदान रकमबाट कट्टा गर्न सक्नेछ।

१७. समपूरक तथा विशेष अनुदानका योजनाहरुको ठेक्का प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी बनाउन स्थानीय तहले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा विद्युतीय प्रणाली मात्र अपनाउन सक्नेछ। ठेक्का सम्झौताको विवरण सम्झौता सम्पन्न भएको सात दिनभित्र स्थानीय तहले मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ। यस्तो विवरण प्राप्त नहुँदा सम्म सो आयोजना/कार्यक्रमको बाँकी किस्ता रकम निकाशा गरिने छैन।

१८. वित्तिय हस्तान्तरण अन्तर्गत सशर्त, समपूरक र विशेष अनुदानका आयोजनाहरु तोकिएको समयावधि भित्र नै सम्पन्न गर्ने गरी स्वीकृत बजेटको सिमाभित्र रही कार्यान्वयन गर्नुपर्नेछ। तोकिएको समयभित्र आयोजना/कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना/कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्नेछ।

१९. समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रममा कण्टिन्जेन्सी वापत लागतको क्रमश तीन र दुई प्रतिशत भन्दा बढी राख्न पाईने छैन।

२०. समपूरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालित आयोजना/कार्यक्रमको प्रगति प्रतिवेदन प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७७ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि २०७७ को अनुसुची-३ बमोजिमको ढाँचामा त्रैमासिक रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

२१. सशर्त अनुदान र विशेष अनुदानका कार्यक्रमहरु सञ्चालन गर्दा बोलपत्र स्वीकृत पश्चात हुन आउने बचत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ। समपूरक अनुदानका आयोजनाहरुको हकमा बोलपत्र स्वीकृत भई हुने बचत रकममा प्रदेश सरकारको हिस्सा बराबरको रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

पत्र.सङ्ख्या :
चलानी. नम्वर :

मिति : .........................

गर्नुपर्नेछ। बोलपत्र स्वीकृति पश्चात बचत हुन आउने रकम(प्रदेश सरकारको हिस्सा) अन्य आयोजना तथा कार्यक्रममा खर्च गर्न पाईने छैन।

२२. सशर्त, समपूरक र विशेष अनुदानका स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत आगामी आर्थिक वर्षको साउन मसान्त भित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ। बचत रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ। साथै, अघिल्लो आर्थिक वर्षको प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने बचत रकम फिर्ता नगरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम समेत आर्थिक वर्ष २०८०/०८१ मा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

वित्तीय अनुशासन

२३. स्थानीय तहले बाँडफाँटबाट प्राप्त राजस्व र प्रदेश सरकारबाट वित्तीय समानीकरण वापत प्राप्त भएको अनुदान रकम कानून बनाई खर्च गर्नुपर्नेछ।

२४. कानून बनाउँदा देहायका कुराहरुको पालना हुने व्यवस्था मिलाउनु पर्नेछः

क. संघ तथा प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुशरण गर्ने,

ख. सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,

ग. अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्ने,

घ. पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

ङ. आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली प्रचलित कानूनले निर्धारण गरे बमोजिम राख्नुपर्ने।

२५. स्थानीय तहले संकलन गरेको मनोरञ्जन कर, विज्ञापन कर तथा ढुङ्गा, गिट्टि, बालुवा, दहत्तर बहत्तर, माटोको शुल्क लगायतको प्रदेश र स्थानीय तह वीच बाँडफाँट हुने राजस्वको चालिस प्रतिशतले हुने रकम हरेक महिना बाँडफाँट गरी प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ। यसरी बाँडफाँट गरी दाखिला गर्नुपर्ने रकम दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम सम्बन्धित स्थानीय तहलाई बाँडफाँट हुने सवारी साधन करबाट कट्टा गरी समायोजन गर्नेछ।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेबसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

पत्र.सङ्ख्या :
चलानी. नम्बर :

मिति : ...........................

२६. एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको छुट्टै लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ।

२७. बुँदा नं.२६ बमोजिम आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सम्बन्धित तहको केन्द्रिय निकायमा वा शुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

२८. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम स्थानीय तहले आफूले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समक्ष पेश गर्नु पर्नेछ । दोस्रो चौमासिकको आय व्ययको विवरण पेश गर्दा तेस्रो चौमासिकमा हुन सक्ने आय र व्ययको अनुमान समेत पेश गर्नु पर्नेछ । तोकिएको अवधिभित्र विवरण पेश हुन नआएमा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का गर्न सक्नेछ ।

२९. प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ मा स्वीकृत गरी कार्यान्वयनका लागि हस्तान्तरण गरेका सशर्त, समपूरक तथा विशेष अनुदानका आयोजनाहरुको हकमा विनियोजन ऐन, २०८० को दफा ४ को उपदफा (१०) बमोजिम असार मसान्तसम्म खर्च नभई बचत भएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत सम्वत् २०८१ साउन मसान्त भित्र अनिवार्य रुपमा प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ।

आर्थिक वर्ष २०८०/८१ को बजेटसँग सम्बन्धित ऐन, नियम, कार्यविधि तथा प्रकाशनहरु यस मन्त्रालयको वेबसाइट moeap.bagamati.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

..............................
(महेश आचार्य)
प्रदेश सचिव

**बोधार्थ:**
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा।
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौ।
श्री महालेखा नियन्त्रकको कार्यालय, काठमाण्डौ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, हेटौंडा।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेबसाइट: moeap.bagamati.gov.np